# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८२/०३/०१)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०३/०३ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

*प्रस्तावहरू*

१. भुमि समस्या समाधान आयोगसँग अन्तरक्रिया सम्बन्धमा।
२. धवलागिरी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमका सम्बन्धमा,
३. दरखोला हाईड्रोपावर प्रा.लीको निवेदन सम्बन्धमा।
४. आँखा सिविरको खर्च भुक्तानी सम्बन्धमा
५. लुलाङ गुर्जा सडकको DPR प्रतिवेदन सम्बन्धमा।
६. गाउँसभा (वर्षे अधिवेशन) सञ्चालन गर्ने सम्बन्धमा।
७. धवलागिरी गाउँपालिकाको आ.व २०८०/८१ को नियमित गर्नुपर्ने बेरुजुका सम्बन्धमा।
८. विविध

*निर्णयहरू*

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस धवलागिरी गाउँपालिकामा भुमिहीन सुकुम्बासी, भुमिहीन दलित र अव्यवस्थित वसोवासी जम्मा ६३ जनाको विवरण इन्ट्री भएको सिस्टमबाट देखिएकोले गाउँपालिका अन्तर्गत छुट हुन सक्ने सम्भावित लक्षित वर्गलाई अवसरको लागि सुचना प्रकाशन गर्ने प्रयोजनार्थ भुमि आयोगमा लेखी पठाउने निर्णय गरियो,
२. प्रस्ताव नं.२ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रममाथी विस्तृत छलफल गरियो। थपघट गर्नुपर्ने विषयहरूका वारेमा औंल्याई आवश्यक संशोधन सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा दरखोला हाईड्रोपावर प्रा.ली को चं.नं.३५ मिति २०८२/०२/२५ गतेको निवेदन सम्बन्धमा छलफल गर्दा उक्त प्रा.लि.ले यस कार्यालयमा दिएको च.नं. १८ मिति २०८१/०८/०५को निवेदन पत्र अनुसार क्र.स. १६ को सिट नं.८/घ मा कित्ता नं. १७ र क्र.स.१७ को सिट नं. ३/ग मा जग्गा कित्ता ३३३ हुनुपर्नेमा अन्यथा भएकोले निवेदन माग बमोजिम संशोधन गरी सम्बन्धित कार्यालयमा लेखी पठाउने निर्णय गरियो।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२ वैशाख ८ गतेको निर्णयानुसार आँखा सिवीर सञ्चालन गर्न अनुमति दिइएकोमा उक्त सिविर व्यवस्थापन, चस्मा र औषधी वापतको खर्च नेपाल नेत्र ज्योतिसंघ जिल्ला शाखा म्याग्दी र सम्बन्धित वडाको मागका आधारमा अन्य संस्थासंग साझेदारी कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी प्रदान गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा  परामर्शदाता वडिमालिका टेक्निकल्स प्रा.ली ले पेश गरेको लुलाङ गुर्जा सडकको डिपिआर प्रतिवेदनमाथी छलफल गरि स्वीकृत गर्ने साथै सोही डि.पि.आर बमोजिम हुने गरी IEE प्रतिवेदन समेत निर्माणका लागि आवश्यक TOR स्वीकृत गरी यथाशिघ्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा आ.व. २०८२/८३ को बजेट पेश तथा पारितको लागि धवलागिरी गाउँपालिकाको वर्षे अधिवेशन आगामी असार ९ गते सञ्चालन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस धवलागिरी गउँपालिकाको लेखा समितिको मिति २०८२ असर १ वसेको बैठकबाट निर्णय भई पेश भएको आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेनको दफा ४६,५१,५३,६०,६४, ६६ सँग सम्बन्धित नियमित गर्नुपर्ने वेरुजुका सम्बन्धमा देहाय बमोजिम हुने गरी निर्णय गरियो।

क. आ.व २०८०/८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ४६ मा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागी संघीय सशर्त तर्फ रू १ लाख तथा पालिका तर्फ ५ लाख समेत गरी ६ लाख बजेट विनियोजन स्वीकृती रहेकोमा कार्यालयले यस कार्यक्रममा रू १३,४०,२५५/- खर्च गरेको देखियो। खर्च मध्ये रू ८,४०,२५५/ शैक्षिक सामाग्री निर्माण तथा शिक्षकको क्षमता विकास कार्यक्रमबाट खर्च गरेको देखियो। फरक शिर्षकबाट खर्च गरेको रकम गाउँसभाले समर्थन एवं नियमित गरेको देखिएन। विनियोजन भन्दा बढी तथा फरक शीर्षकबाट गरेको खर्च नियम सम्मत नदेखिएको भन्ने कैफियतमाथी छलफल गर्दा धवलागिरी गाउँपालिका १०३८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिका हो। जहाँ विभिन्न ७ वडामा गरेर ११ वटा मा.वि विद्यालयहरू रहेका छन। अझ कुनै कुनै वडा र विद्यालयमा त मोटरबाटो समेत पुगेको छैन। विद्यालयहरूको निजी स्रोतमा पैसा अत्यन्तै न्यून हुने तथा निजी स्रोतका शिक्षकलाई तलब खुवाउन समेत हम्यहम्य पर्ने हुँदा पालिकाको केन्द्र एवं राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालन हुने स्थानसम्म आईपुग्ने भाडा होटलबास खर्च लगातयका विभिन्न खर्चहरू पालिकाद्वारा नै व्यवस्थापन गर्नेपर्ने वाध्यता विद्यमान रहेको देखिन्छ। ३/४ दिनसम्म चल्ने राष्ट्रपति रनिङ शील्ड प्रतियोगितामा सकेसम्म धेरै विधामा प्रतिस्पर्धा गराएर विद्यार्थीलाई बढी सहभागी गराउनेतर्फ पालिका लक्षित रहेको देखिन्छ। भौगोलिक कठिनाई, अधिक विधामा प्रतिस्पर्धा, टाढाका विद्यालय, ठुलो पुरस्कार राशि, ठूलो अतिथी सत्कार खर्च लगायतका विविध कारणले राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता मिल्दोजुल्दो शीर्षक (शैक्षिक सामाग्री निर्माण तथा शिक्षकको क्षमता विकास कार्यक्रम) विनियोजित बजेटभन्दा रू ८,४०,२५५ खर्च

भएको कुरा औचित्यपूर्ण नै रहेको एकीन गरी सो शिर्षकबाट भएको खर्च अनुमोदन गरी नियमित गर्ने सम्बन्धमा धवलागिरी गाउँपालिकाको लेखा समितिको निर्णयलाई सदर गरी थप निर्णयका लागि मिति २०८२/३/९ गतेको गाउँसभा बैठकमा पेश गर्ने।

ख. आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ५१ मा जनिएको अन्य निकाय खर्च सम्बन्धमा पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरूको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको संघसंस्था र कार्यालयहरूलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ। अन्य सरकारी कार्यालयहरूको खर्च तालुक मन्त्रालयको स्वूकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन। यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ। यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा संघसंस्थाहरूलाई विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियम सम्मत नदेखिएको रू १,०६,९४१/- को कैफियतमाथि छलफल गर्दा दुर्गम पालिका भएको कारण प्रहरी चौकी ताकमलाई आवश्यक पर्ने ईन्धन व्यवस्था गरेको, अन्य पालिकाहरूले जस्तै ट्राफिक सप्ताहको समयमा धवलागागिरी गाउँपालिकाले समेत सहयोग गरेको, सामाजिक कार्यमा सक्रिय म्याग्दी जेसीसलाई कुर्सी टेवल उपलब्ध गराएको साथै गाउँपालिकामा विपद्जन्य घटनामा जिल्ला प्रहरी कार्यालयको टोली आवतजावत गर्दा बर्खाको कारण बाटो कठीन भई गाडी बिग्रीएको हुँदा पालिकाले मर्मत गरिदिएको कुरामा कुनै अनियमितता नभएको व्यहोरा धवलागिरी गाउँपालिकाको लेखा समितिबाट निर्णय भई आएको हुँदा लेखा समितिको निर्णयलाई सदर गर्दै उक्त खर्च उपयुक्त नै देखी अन्य निकाय खर्च वेरूजू दफामा जनिएको कैफियतलाई नियमित गर्न मनासिव देखी थप आवश्यक निर्णयार्थ मिति २०८२/३/९ गतेको गाउँसभामा बेरुजू अनुमोदनका लागि पेश गर्ने।

ग. आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ५३ को स्वीकृत कार्यक्रम वेगर खर्च सम्बन्धमा गाउँपालिकाले स्वीकृत कार्यक्रममा नरहेको छुट्टै अस्तित्वमा भएको संस्थाले आयोजना गरेको कार्यक्रममा भाग लिएबापत भएको खर्च भुक्तानी दिएको देखियो। कार्यालयको स्वीकृत कार्यक्रममा नरहेको र छुट्टै अस्तित्व भएको संस्थाले आयोजना गरेको प्रतियोगिताको रकम भुक्तानी दिएको नियम संगत नदेखिएको रू ४,४१,१४७/- को

कैफियतमाथी छलफल गर्दा, जिल्लास्तरमा आयोजना हुने यसै प्रकृतिका कार्यक्रमको लागि गाउँपालिकाले विविध कार्यक्रम खर्च शीर्षकमा रकम विनियोजन गरेको हुन्छ। खेलाडी राष्ट्रका गहना हुन भन्ने भनाईलाई चरितार्थ गर्न समेत खेल क्षेत्रलाई प्रोत्साहन गर्न जरूरी हुन्छ। खेल क्षेत्रबाट गाउँपालिकालाई चिनाउन समेत अन्य गाउँपालिकाले जस्तै धवलागिरी गाउँपालिकाले विभिन्न संघ संस्थाले आयोजना गरेको खेलमा सहभागिताका लागि पालिका तर्फबाट खर्च गर्नेगरी विद्यार्थी सहभागी गराउने प्रचलन छ। सोही सम्बन्धमा गाउँपालिकाले समेत भाग लिने गरी सञ्चालन भएको म्याग्दी प्रवासी नेपाली संघ (मोना)को आयोजनामा भलिवल प्रतियोगितामा प्रशिक्षक भत्ता, प्रशिक्षक तथा खेलाडीको खाजा तथा खाना र होटलबास खर्च बाप रू २,४६,१४७ र राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी म्याग्दीले आयोजना गरेको भलिवल प्रतियोगितामा प्रशिक्षक भत्ता, प्रशिक्षक तथा खेलाडीको खाना खाजा तथा होटल बास खर्च बापत १,९५,१०० रुपैयाँ विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी भएको रकममा कुनै अनियमितता नभएको व्यहोरा यस गाउँपालिकाको लेखा समितिबाट निर्णय भई आएकोले सोही निर्णयलाई सदर गर्दै स्वीकृत कार्यक्रम वेगर खर्च दफाको अनियमित कैफियत जनिएको ४,४१,१४७/- रकम नियमित गर्न मनासिव देखी उक्त वेरूजू फर्छौट एवं सम्परीक्षणको लागि आवश्यक थप निर्णयार्थ मिति २०८२/३/९ गतेको गाउँसभा बैठकमा पेश गर्ने।

घ. आ.व. २०८०/८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ६० सँग सम्बन्धित उपभोक्ता समितिमार्फत निर्माण शीर्षकमा कार्यालयले श्रमदान गर्न मिल्ने आईटम समावेश नभएको निर्माण ग्रन उपभोक्ता समितिगठन गरी कार्य गराई भुक्तानी दिएको देखियो। कतिपय उपभोक्ता समितिलाई निर्माण कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रस्ता परीक्षण गर्दा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको कदेखिएकोले उपरोक्ता कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुँदैन। उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखी भुक्तानी दिएको नियमसंगत नदेखिएको रू ३९,६३,७२८/- सम्बन्धी जनिएको कैफियतमाथि छलफल गर्दा मल्कबाङ मोटरबाटो सरसफाई उपभोक्ता समिति र दरगाउँ मोटरबाटो निर्माण उपभोक्ता समितिको कार्यमा एक्साभेटरको विल समावेश गरेको भन्ने सन्दर्भमा गाउँपालिकामा निश्चित मात्र निर्माण व्यावसायी रहेको र वर्षातको समयमा बाटो सरसफाई गर्ने कार्य उपभोक्ता समितिमार्फत नै गराउँदा उपभोक्ताले समेत अपनत्ववोध गर्ने हेतुले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउनुपर्ने वाध्यता छ। अत्यावश्यक बाटो सूचारू गर्न निर्माण व्यवसायिमार्फत कार्य गराउँदा प्रकृयागत रूपमा ढिला हुने सुनिश्चित नै छ। पालिका भित्रका निर्माण व्यावसायीहरूले स-साना बजेटका

कार्यहरू ठेक्कामार्फत गर्न नचाहाने प्रवृत्ति समेत हुँदा उपभोक्ता समितिद्वारा त्यस्ता कार्य गर्न वाध्य भएको व्यहोरा योजना तथा पूर्वाधार शाखाबाट प्राप्त भयो। सोहि सम्बन्धमा सार्वजनिक खरिद ऐन र नियमावलीमा समेत पालिकाको स्वीकृतीमा उपभोक्ता समितिलाई डोजर/स्काभेटर प्रयोग गर्न दिने प्रावधान समेत रहेको देखिन्छ। ऐन र नियमावलीलाई आधार मानी सो कार्य गराएको व्यहोरा नियम सम्मत नै देखिन्छ। वडा कार्यालय मर्मत र सभाहल छाना मर्मत कार्य आर्थिक वर्षको अन्त्यमा काम सुरू गरिएको र निर्माण व्यावसायिमार्फत कार्य गराउँदा प्रकृयागत रूपमा थप ढिलासुस्ती हुन सक्ने देखिई उपभोक्ता समितिमार्फत निर्माण कार्य गरिएको ब्यहोरा ठिक साँचो रहेको एकीन गरियो। वर्षातको समयमा खोलानालाले बाटो बन्द हुने अवस्था यस गाउँपालिकाको रहेकोले निर्माण व्यावसायीले सो कार्य गर्न चासो नदिएको अवस्था विद्यमान छ। चालु आ.व. २०८१/८२ मा मोटरबाटो सरसफाई कोटेसन प्रकृयामार्फत सञ्चलान गरी माथी उल्लेखित कैफियतमा सुधार गरिएको छ। साथै १० लाख माथिका योजना कार्यान्वयन निर्माण व्यावसायीमार्फत नै गराउने कार्य सुरू भएको छ। न्युनतम १० र अधिकतम २० प्रतिशत सम्म उपभोक्ता समितिले दायित्व वहन गर्ने गरी कार्य भएका मल्कबाङ मोटरबाटो सरसफाई, दरगाउँ मोटरबाटो, वडाकार्यालय मर्मत, सभाहल छाना मर्मत लगायतका कार्य गाउँपालिकाको तत्कालीन आवश्यकता, भौगोलिक कठिनाई, निर्माण व्यवसायीको न्यून उपलब्धता,यातायात सेवा अवरुद्ध, ढिलो निर्माण कार्य प्रारम्भ लगायत विविध कारणले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा कुनै पनि अनियमितता नभएको व्योहोरा एकीन गरी यस गाउँपालिकाको लेखा समितिबाट निर्णय भई आएबमोजिम नै हुनेगरी सदर गर्दै  सम्बन्धित दफाको उपभोक्ता समितिमार्फत निर्माण शिर्षकमा जनिएको रू ३९,६३,७२८/- बेरुजु नियमित गर्न मनासिव देखी मिति २०८२/३/९ गतेको गाउँसभा बैठकमा थप आवश्यक निर्णयार्थ पेश गर्ने।

ङ. आ.व. २०८०/८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ६४ संग सम्बन्धित सोझै खरिद शिर्षकमा कार्यालयले ए टु जेड फर्निचर शोरुम, बेनिबाट नियमावलीमा तोकीएको सीमाभन्दा बढी रू १२,९५,०६५/- रकमको मालसामान सोझै खरिद गरेको देखियो। नियमावलीको सीमाभन्दा बढी रकमको खरिद एकै फर्म बाट गरि दिएको भुक्तानी नियमसंगत नदेखिएको रू १२,९५,०६५ को कैफीयतमाथि छलफल गर्दा धवलागिरी गाउँपालिका म्याग्दी जिल्लाको सबैभन्दा दुर्गम गाउँपालिका हो। यहाँ कतिपय वडामा समेत मोटरबाटो नपुगेको अवस्था छ। वडा नं. ५ र ६ जानको लागी अर्को गाउँपालिका हुँदै जानुपर्ने वाध्यता रहेको छ। यसको सन्दर्भमा पालिकाद्वारा एकीकृत खरिद प्राणाली मार्फत खरिद गरी वडालाई मागका आधारमा सामाग्री

प्रदान गर्दा भाडा लगायतका खर्चले थप आर्थिक भार पर्ने देखिई पालिकाको समन्वयमा वडामा आवश्यक सामाग्री निश्चित स्थानबाट ल्याउने गरिएको साथै गाउँपालिकामा विभिन्न समयमा हुने विविध कार्यक्रममा समेत सोही स्थानबाट सामाग्री ल्याईने गरेको पाईयो। वडा कार्यालय, विभिन्न शाखागत कार्यक्रम, गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकी आदिले फरक फरक समयमा एकै स्थानबाट सामाग्री खरिद गर्दा तोकिएको सीमा नाघेको कुरा ठिक साँचो नै हो। चालु आ.व. २०८२/८३ मा PAMS V2 को पुर्ण प्रयोग गरी खरिद कार्यलाई व्यवस्थित गरेको समेत देखिएको छ। जसले एकै फर्मबाट निर्धारित भन्दा बढी खरिद गर्न दिने छैन। यसबाट आगामी वर्षमा यस किसिमको कैफितय नदोहोरिने कुरा समेत निश्चित छ। अतः यहाँको विकट भौगोलिक अवस्था, वडागत र शाखागत खरिदमा समन्वयको कमी, तुलनात्मक रूपमा सस्तो फर्म, आदि कारणले उक्त फर्निचर स्वरूमबाट खरिद गरि भुक्तानी दिएको रू १२,९५,०५६/- रूपैँया उल्लेखित कारणहरूको आधारमा नियमित गर्न मनासिव देखी मिति २०८२/३/१ गतेको गाउँपालिकाको लेखा समितिबाट निर्णय भई आएबमोजिम नै सदर गर्ने र सो बेरुजू नियमित गरि सम्परीक्षण गर्न मनासिव देखि आवश्यक थप निर्णयार्थ मिति २०८२/३/९ गतेको गाउँसभा बैठकमा पेश गर्ने।

च. आ.व. २०८०/८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ६६ मा जनिएको मध्यकालीन खर्च संरचना सम्बन्धमा जनिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको मध्यकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ तयार गरी सबै स्थानीय तहलाई प्रचार गरेको छ। उक्त दिग्दर्शनमा मध्यकालीन खर्च संरचना तयार गर्ने सम्बन्धी संस्थागत व्यवस्था, समिति तथा समितिको काम कर्तव्य, समय सीमा, तथा अनुसूचीहरू लगायतका विषय समावेश भएकोमे कार्यालयले ह्याप्पी स्ट्रिंग एडभाइजर्स प्रा.ली बेनी मार्फत मध्यकालीन खर्च संरचना तयार गराई २,९८,३२०/- भुक्तानी दिएको सम्बन्धमा पालिकाले प्रत्येक वर्ष मध्यमकालीन खर्च संरचना अनिवार्य रूपमा बनाउनु नै पर्ने, मध्यमकालीन खर्च संरचना जटिल/संवेदनशील प्रकृतिको हुने एवं अनुसन्धानात्मक/ विश्लेषणात्मक हुने, पालिकामा एक त कर्मचारी कम त्यसैमा पनि मध्यमकालीन खर्च संरचना निर्माण गर्नसक्ने जनशक्ति नभएको, मध्यमकालीन खर्च संरचना निर्माणको लागि तालिमको व्यवस्था समेत नभएको आदि कारणले पालिकाले परामर्शदाताबाट मध्यमकालीन खर्च संरचना निर्माण गर्नु परेको कुरा जायज नै छ। उल्लेखित कारणहरुका आधरमा उक्त शीर्षकमा अनियमित कैफियत जनिएको रू २,९८,३२०/- नियमित गरी बेरूजु सम्परीक्षण/फछ्र्यौट को लागि धवलागिरी गाउँपालिकाको लेखा समितिबाट निर्णय भई आएकोले उक्त निर्णयलाई सदर गर्दै सम्बन्धित दफामा जनिएको बेरूजु नियमित गर्न मनासिव देखी आवश्यक थप निर्णयार्थ मिति २०८२/३/१ गतेको गाउँसभाको बैठकमा पेश गर्ने।

८. विविध सम्बन्धमा देहायबमोजिम हुनेगरी निर्णय गरियो।

क. आ.व. २०८१/८२ को वर्षातको समय र पुल मर्मतको समयमा गाउँपालिकाको हाँडेभिर ताकम बाटो सरसफाई, बाङखोला डाईभर्सन र मुनादेखी खोरिया बाटो सरसफाई एवं मर्मत गरेवापत भुक्तानी हुन बाँकी रहेको एकीन गरि प्राविधिक स्टिमेट र कार्यसम्पन्न प्रतिवेदन, वडा कार्यालयको सिफारिस, वडास्तरीय अनुगमन प्रतिवेदन आदिका आधारमा मोटरवाटो सरसफाई खर्च शीर्षकबाट भुक्तानी गर्ने,

ख. धवलागिरी गाउँपालिकामा पाईने जडिबुटिको संकलन र निकासीलाई व्यवस्थित गर्न एवं करको दायराभित्र ल्याउनका लागि जडिवुटीको संकलन पुर्जी र निकासी पुर्जी वितरणमा गाउँपालिका सँग समन्वय गर्न जिल्ला बन कार्यालय म्याग्दीलाई लेखी पठाउने।